जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५१ पृष्ठः ४ | २०८३ असोज २० मंगलबार (Tuesday 06 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानमा थारु सांस्कृतिक दशैं–तिहार महोत्सवको आयोजना हुँदै




लहान, १९ असोज। दशैं–तिहारको अवसर पारेर सिरहाको लहानमा 'थारु सांस्कृतिक दशै तिहार उत्सव मेला–२०८३'को आयोजना हुने भएको छ। गारु कल्याणकारी सभा, जिल्ला समितिको आयोजना यहि असोज २५ देखि कात्तिक ८ गतेसम्म लहानस्थित पशुपति माध्यमिक विद्यालयको प्राङ्गाणमा मेला हुन लागेको हो।

थारु समुदायको लोकसंस्कृति, भेषभूषा, भाषा र मौलिक पहिचान, परम्परागत खानपानको संरक्षण तथा प्रवर्द्धनको निमित्त महोत्सवका आयोजना गर्न लागेको सभाका प्रवक्ता अजय कुमार चौधरीले जानकारी दिए। उनका अनुसार थारुसमुदायको गौरवशाली लोकसंस्कृति र परम्परालाई जीवन्त राख्दै भावी पुस्तामा हस्तान्तरण गर्ने तथा थारु कला संस्कृति र विभिन्न जातजातिहरुको कला संस्कृतिको सम्मान गर्दै सामाजिक सद्भाव अभिवृद्धि गर्ने उद्देश्यका साथ मेलाको आयोजना गर्न लागेको बताए।

मेलामा मुख्य आकर्षणका रुपमा विविध सांस्कृतिक पहिचान झल्किने नृत्य, कुस्ति, जलपरि, झुला तथा बाल उधान रहने आयोजकले जनाएको छ। त्यसैगरी, महोत्तरवमा थारु समुदायको लोपोन्मुख परम्परागत लोकनृत्य धुमरा, सामा–चकेवा

–बाँकी तीन पेजमा

## चाडपर्वको मुखमा राहत शिक्षकलाई म्याद थपको चिठी



लहान, १९ असोज। राहत शिक्षकलाई चाडपर्वको मुखमा करार म्याद थपसम्बन्धी पत्र पठाइएपछि तनाव बढेको नेपाल राहत शिक्षक समिति सिरहाले जनाएको छ। दसैँको मुखमा तलब निकासा हुने समयमा राहत शिक्षकको छ–छ महिनामा करार म्याद थप्ने पत्र विद्यालयमा पठाएर धनगढीमाई नगरपालिकाको शिक्षा शाखाले शिक्षकलाई थप तनाव दिएको नेपाल राहत शिक्षक समिति सिरहाका अध्यक्ष किसुन देव यादवले बताउनुभयो।

उहाँका अनुसार २०६३ सालदेखि नियुक्त भएका राहत शिक्षकको सेवा अवधि २० वर्ष पुग्न लागेको छ। "यत्रो वर्षमा कहिल्यै म्याद थपिएन। यस्तो प्रावधान पनि थिएन। राहत शिक्षकको व्यवस्थापनका लागि हामी पटक–पटक आन्दोलन गर्दै आएका छौँ," उहाँले भन्नुभयो। सिरहाका १७ वटै स्थानीय तहमा चार सयभन्दा बढी राहत शिक्षक कार्यरत छन्। गत

–बाँकी तीन पेजमा

## दोस्रो वडा अध्यक्ष अन्तर प्रदेश आमन्त्रित कराँते प्रतियोगिता सम्पन्न, प्रगती डोजो कटारी प्रथम

गोलबजार, १९ असोज। दोस्रो वडा अध्यक्ष अन्तर प्रदेश आमन्त्रित कराँते प्रतियोगितामा टिम प्रगती डोजो कटारी, उदयपुर प्रथाम भएको छ। गोलबजार नगरपालिका २ नम्वर वडा कार्यालय लालपुरको आयोजना र गोलबजार मेन कराँते डोजो गोलबजार २ को समन्वय सम्पन्न प्रतियोगितामा टिम योग स्पोर्ट्स कराँते डोजो कटारी नै दोस्रो र टिम




तेस्रोको उपाधी आयोजकले जित्न सफल भएको छ।

प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुनेटिमले क्रमशः नगद ३५ हजार, २५हजार र १५ प्राप्त गरेको

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**विपद्‌को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्‌को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तर ता दिने गरौं,
- विपद्‌को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्‌को समयमा एक–आपसमा मनोबल बढाऔ, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सर्पदंशमा उपचारको दूरी घटाऔँ

सर्पदंश सिरहालगायत तराई–मधेशका ग्रामीण समुदायका लागि वर्षेनी दोहोरिने स्वास्थ्य चुनौती हो। विशेषगरी गर्मी र वर्षायाममा सर्पदंशका घटना बढ्ने भए पनि यसको जोखिमलाई मौसमी समस्याका रूपमा मात्र हेर्न मिल्दैन। विषालु सर्पले टोकेको अवस्थामा उपचारमा केही मिनेटको ढिलाइसमेत जीवनका लागि घातक बन्न सक्छ। त्यसैले सर्पदंशको उपचारलाई सामान्य स्वास्थ्य सेवाभन्दा संवेदनशील आकस्मिक स्वास्थ्य सेवाका रूपमा विकास गर्नु आवश्यक छ।

सिरहाका चोहर्वा र बन्दीपुरस्थित सामुदायिक सर्पदंश उपचार केन्द्रको स्तरोन्नतिको पहल यसै आवश्यकताको महत्वपूर्ण सुरुआत हो। नेपाली सेनाको श्री नन्दबक्स गणको सहजीकरणमा स्थानीय तह, प्रशासन र उपचार केन्द्रका प्रतिनिधिबीच भएको छलफलले एउटा स्पष्ट आवश्यकता औँल्याएको छ, सर्पदंशका गम्भीर बिरामीलाई उपचारका लागि जिल्लाबाहिर पठाउनुपर्ने अवस्था अन्त्य गर्नुपर्छ।

स्थापना भएदेखि यी दुई केन्द्रबाट करिब १२ हजार सर्पदंश प्रभावितले उपचार सेवा लिनु आफैँमा यी संस्थाको आवश्यकता र उपयोगिताको प्रमाण हो। २४ घण्टा सेवा सञ्चालन भइरहनु सकारात्मक पक्ष हो। तर सेवा उपलब्ध हुनु र गम्भीर बिरामीको पूर्ण उपचार हुन सक्नु एउटै कुरा होइन। अहिले आईसीयू र भेन्टिलेटरको अभावका कारण गम्भीर अवस्थाका बिरामीलाई अन्यत्र पठाउनुपर्ने बाध्यता छ। यही कमजोरीलाई अब प्राथमिकताका साथ सम्बोधन गर्नुपर्छ।

सर्पदंशका गम्भीर बिरामीलाई एम्बुलेन्समा अर्को जिल्लातर्फ पठाउँदा बाटोको दूरी, यातायातको अवस्था, रातको समय र उपचार सुरु हुन लाग्ने अतिरिक्त समयले जोखिम बढाउन सक्छ। आर्थिक रूपमा कमजोर परिवारका लागि उपचारका साथै यातायात र अन्य खर्च थप बोझ बन्न सक्छ। त्यसैले जिल्लामै आवश्यक उपचार उपलब्ध गराउनु स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने विषय मात्र होइन, सामाजिक न्यायसँग पनि जोडिएको विषय हो।

चोहर्वा उपचार केन्द्रमा आईसीयू र भेन्टिलेटर विस्तार गर्ने प्रस्तावलाई केवल भवन र उपकरण थप्ने योजनाका रूपमा बुझ्नु हुँदैन। उपकरण जडान गरेर मात्र आकस्मिक उपचार प्रभावकारी हुँदैन। त्यसका लागि दक्ष चिकित्सक, स्वास्थ्यकर्मी, एनेस्थेसिया तथा आकस्मिक उपचारमा दक्ष जनशक्ति, नियमित औषधि आपूर्ति, अक्सिजन, विद्युत् तथा वैकल्पिक ऊर्जा, प्रयोगशाला सुविधा र चौबीसै घण्टा जिम्मेवार स्वास्थ्य टोली आवश्यक हुन्छ। उपकरण किनेपछि प्रयोग नहुने वा जनशक्ति नहुँदा सेवा रोकिएमा लगानीको उद्देश्य पूरा हुँदैन।

यसका लागि स्थानीय तहहरूले पनि आफ्नो जिम्मेवारी स्पष्ट रूपमा लिनुपर्छ। सर्पदंशको समस्या कुनै एक पालिकाको मात्र समस्या होइन। चोहर्वा र बन्दीपुरमा उपचार लिन आउने बिरामी विभिन्न स्थानीय तहबाट हुन सक्छन्। त्यसैले सबै स्थानीय तहले साझा स्वास्थ्य पूर्वाधारका रूपमा उपचार केन्द्रको स्तरोन्नतिमा सहकार्य गर्नु उपयुक्त हुन्छ। आवश्यक बजेट, जनशक्ति व्यवस्थापन, एम्बुलेन्स सेवा र औषधि आपूर्तिमा समन्वित योजना बनाउन सकिन्छ।

त्यससँगै बिरामीलाई समयमै उपचार केन्द्र पुऱ्याउने व्यवस्था पनि उत्तिकै महत्वपूर्ण छ। ग्रामीण क्षेत्रमा सर्पले टोकेपछि अस्पताल पुग्न ढिलाइ हुनु, झारफुक वा घरेलु उपचारमा समय बिताउनु तथा यातायातको अभाव हुनु अझै चुनौती हुन सक्छ। स्थानीय स्तरमा जनचेतना बढाउने, प्राथमिक स्वास्थ्य संस्थालाई सर्पदंशको प्रारम्भिक व्यवस्थापनबारे सक्षम बनाउने र आकस्मिक अवस्थामा तत्काल उपचार केन्द्रसम्म पुऱ्याउने प्रणाली विकास गर्नुपर्छ।

सर्पदंश उपचार केन्द्रको व्यवस्थापन समिति पनि सक्रिय, पारदर्शी र जवाफदेही हुनुपर्छ। स्थानीय तह, नेपाली सेना, स्वास्थ्यकर्मी र समुदायबीच नियमित समन्वय आवश्यक छ। केन्द्रको सेवा, बिरामी संख्या, औषधिको अवस्था, उपकरणको प्रयोग र आवश्यकताबारे नियमित समीक्षा गर्ने प्रणाली बनाएर मात्रै दीर्घकालीन सुधार सम्भव हुन्छ।

सिरहामा सर्पदंश उपचारका लागि बनेका संरचनाले हजारौं नागरिकलाई सेवा दिइसकेका छन्। अब चुनौती सेवा सञ्चालनमा सीमित रहने होइन, त्यसलाई गुणस्तरीय र गम्भीर बिरामीसमेत धान्न सक्ने बनाउने हो। सर्पले टोकेको नागरिकलाई 'जिल्लाबाहिर लैजानुपर्छ' भन्ने बाध्यता जति चाँडो हटाउन सकिन्छ, त्यति नै जीवन जोगाउने सम्भावना बढ्छ।

त्यसैले अब प्रतिबद्धता कागजमा सीमित हुनु हुँदैन। बजेट, जनशक्ति, उपकरण, औषधि र व्यवस्थापनको स्पष्ट कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्छ। सर्पदंशमा उपचारको दूरी घटाउनु भनेको केवल स्वास्थ्य सेवा नजिक ल्याउनु होइन—समयमै उपचार पाउने नागरिकको अधिकार सुनिश्चित गर्नु हो।

# सामुदायिक क्याम्पसमा गुणस्तर संकट



भोला पासवान

नेपालको उच्च शिक्षामा गैरनाफामुखी सामुदायिक क्याम्पसहरूको भूमिका महत्वपूर्ण र अपरिहार्य छ सन् १९९० पछि सामुदायिक स्वामित्वमा स्थापना भएका यी क्याम्पसले ग्रामीण र विपन्न परिवारका सन्ततिलाई किफायती शुल्कमा उच्च शिक्षामा पहुँच दिलाउने संवैधानिक दायित्व पूरा गर्दै आएका छन्।

तर, आज यी संस्था दोहोरो संकटमा फसेका छन् एकातर्फ शिक्षाको गुणस्तर लगातार खस्किँदो छ, अर्कोतर्फ वित्तीय आधार कमजोर बन्दै गएको छ। यी दुई संकट एकअर्कामा गाँसिएका छन् र यसैले समाधानका लागि पनि समग्र उपाय खोज्नुपर्ने बाध्यता सिर्जना गरेको छ। २०१६ साल (सन् १९५९) मा त्रिभुवन विश्वविद्यालयको स्थापनासँगै सुरु भएको नेपालको आधुनिक उच्च शिक्षा प्रणाली आज दुई दर्जनभन्दा बढी विश्वविद्यालय र प्रतिष्ठान र १ हजार ४०० बढी सम्बन्धन प्राप्त क्याम्पससम्म विस्तारित भइसकेको छ।

सामुदायिक क्याम्पसको उदय भने सन् १९९० को दशकपछि भएको हो, जब स्थानीय समुदायले आफ्नै लगानी र स्वामित्वमा गैरनाफामुखी क्याम्पस स्थापना गरी व्यवस्थापन, शिक्षा, मानविकी र विज्ञान जस्ता विषयमा सुलभ शिक्षा उपलब्ध गराउन थाले। सामुदायिक क्याम्पसको यो प्रणाली, समानतामूलक शिक्षाको संवैधानिक प्रतिबद्धतासँग मेल खान्छ र आज पनि विपन्न तथा ग्रामीण समुदायका विद्यार्थीका लागि उच्च शिक्षामा प्रवेशको प्रमुख ढोका सामुदायिक क्याम्पस नै हो।

तर विगत डेढ दशकमा नेपालको सामाजिक–आर्थिक परिदृश्य नाटकीय रूपमा फेरिएको छ। शहरीकरणको तीव्र गति, निजी क्याम्पसको विस्तार (हाल ७२३ भन्दा बढी) र वैश्विक अध्ययन अवसरको बढ्दो पहुँचले परम्परागत सामुदायिक क्याम्पस मोडेललाई गहिरो दबाबमा पारेको छ।

**सामुदायिक क्याम्पसको वर्तमान अवस्था**

नेपालमा हाल झण्डै २ दर्जन विश्वविद्यालय/प्रतिष्ठानअन्तर्गत १ हजार ४३२ उच्च शिक्षाका क्याम्पस सञ्चालनमा छन्। यीमध्ये आंगिक क्याम्पस १६४ (११.४५ प्रतिशत), सामुदायिक क्याम्पस ५४५ (३८.०६ प्रतिशत, जसमध्ये अधिकांश त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध) र निजी क्याम्पस ७२३ (५०.४९ प्रतिशत) छन्।

कूल ६ लाख ३३ हजार विद्यार्थीमध्ये सामुदायिक क्याम्पसमा २ लाख ४ हजार २२९ (३२.२६ प्रतिशत) अध्ययनरत छन्, जसमा महिला विद्यार्थीको अंश करिब ६७ प्रतिशत छ, जुन ग्रामीण जनसाङ्ख्यिकी (युवा पुरुष बसाइँ सरेपछि बाँकी रहने महिला विद्यार्थी) को प्रतिबिम्ब हो।

सामुदायिक क्याम्पसमा भर्ना हुने विद्यार्थी संकायअनुसार हेर्दा पनि एउटा चिन्ताजनक प्रवृत्ति देखिन्छ। यी क्याम्पस प्रयोगशाला र प्राविधिक पूर्वाधार आवश्यक नपर्ने सामान्य विषयतर्फ अत्यधिक केन्द्रित भएको देखिन्छ। व्यवस्थापनमा ५० देखि ६० प्रतिशत, शिक्षा शास्त्रमा २५ देखि ३५ प्रतिशत, मानविकी तथा समाजशास्त्रमा १० देखि १५ प्रतिशत विद्यार्थी अध्ययनरत् छन्। जबकि विज्ञान, प्रविधि र व्यावसायिक विषयमा ३ देखि ५ प्रतिशतभन्दा कम विद्यार्थी मात्र भर्ना हुने गरेका छन्। यसले श्रम बजारको माग र शिक्षाको उत्पादनबीचको खाडल अझ फराकिलो बनाइरहेको छ।

**गुणस्तर संकटको मूल जरो**

सामुदायिक क्याम्पसहरूको सबैभन्दा गम्भीर र चर्चामा नल्याइने समस्या भनेको शिक्षामा गुणस्तरको संरचनागत खस्कँदो अवस्था हो। विशेषगरी ग्रामीण क्षेत्रका सामुदायिक क्याम्पसहरूमा ६० देखि ७० प्रतिशतभन्दा बढी कक्षा ११–१२ तहमा पढाउने विद्यालय शिक्षकहरूले लिने गरेको पाइन्छ। यी शिक्षक आफ्नो विद्यालयको पूर्णकालीन जागिरमा जानुअघि बिहान ६ बजेदेखि १० बजेसम्मको बिहानी सत्रमा क्याम्पस पढाउँछन्। यसो हुनुका पछाडि आर्थिक कारण छ पूर्णकालीन विद्यावारिधि वा विशेषज्ञ प्राध्यापक राख्ने बजेट धेरैजसो सामुदायिक क्याम्पससँग हुँदैन।

**किन यो गम्भीर समस्या हो?**

विद्यालय शिक्षक र विश्वविद्यालय प्राध्यापकको काम फरक प्रकृतिको हुन्छ। विद्यालय तहको शिक्षण पेडागोजीमा आधारित हुन्छ– निर्धारित पाठ्यक्रम, परीक्षामुखी र घोकन्ते विधिमा केन्द्रित। विश्वविद्यालय तहको शिक्षण भने एन्ड्रागोजीमा आधारित हुनुपर्छ–अनुसन्धानमूलक, विश्लेषणात्मक सोच विकास गर्ने, स्वतन्त्र ज्ञान–निर्माणमा विद्यार्थीलाई डोऱ्याउने। ११–१२ कक्षामा पढाउने शिक्षकसँग सामान्यतया एमफिल/पीएचडी डिग्री, अनुसन्धान प्रकाशन वा विषयगत गहिराइ हुँदैन जुन स्नातकोत्तर तहको थेसिस निर्देशन वा अनुसन्धान सुपरीवेक्षणका लागि अनिवार्य हुन्छ।

यसमाथि थपिने हो दोहोरो जागिरको थकान। बिहानै क्याम्पसमा पढाएर दिनभरि विद्यालयमा पढाउने शिक्षकसँग पाठको तयारी, विद्यार्थी परामर्श वा अनुसन्धान सुपरिवेक्षणका लागि समय नै बाँकी रहँदैन। नतिजास्वरूप शिक्षण पाठ्यपुस्तक–केन्द्रित र परीक्षामा–उत्तीर्ण–मुखी मात्र सीमित रहन्छ। यसले प्रत्यक्ष रूपमा करिब २ लाख ४ हजार विद्यार्थी, अर्थात् नेपालको कूल उच्च शिक्षा पढ्ने विद्यार्थीको एकतिहाइको शैक्षिक जीवन र दीर्घकालीन करिअरमा गम्भीर असर पारिरहेको छ।

**गुणस्तर खस्किनुका प्रमुख कारण र पक्ष**

क. शिक्षण विधिको स्तर र बेमेलः उच्च माध्यमिक तहको परीक्षामुखी शिक्षण विधि विश्वविद्यालय तहको विश्लेषणात्मक तथा अनुसन्धानमूलक अध्यापन पद्धतिसँग मिल्दैन। यी दुई तहको शिक्षण विधिको स्तर मिल्दैन।

ख. योग्यतामा खाडलः ११–१२ कक्षा पढाउने अधिकांश शिक्षकसँग स्नातकोत्तरका विद्यार्थीको अनुसन्धानमा सुपरिवेक्षण गर्न आवश्यक अनुसन्धान अनुभव वा उच्च डिग्री हुँदैन।

ग. थकान र दोहोरो भारः बिहानको क्याम्पस कक्षापछि पूर्णकालीन विद्यालयको जागिरले पाठ तयारी र विद्यार्थी सहयोगका लागि समय नै हुँदैन।

घ. पूर्वाधारको सीमितताः प्रयोगात्मक विज्ञान/प्रविधि प्रयोगशाला अधिकांश सामुदायिक क्याम्पसमा छैन वा अपर्याप्त छ। पाठ्यक्रम पनि श्रम बजारसँग तादात्म्य नमिल्ने पुरानै ढाँचामा चलिरहेको छ।

ङ. कमजोर गुणस्तर सुनिश्चितताः धेरै क्याम्पसले यूजीसी गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए) मापदण्ड पूरा गर्न नसक्ने अवस्था छ आन्तरिक गुणस्तर सुनिश्चितता एकाइहरू (आइक्यूएसी) प्रायः स्रोतको अभावमा निष्क्रिय छन्।

**दुष्चक्रः गुणस्तर, भर्ना र आम्दानीको आपसी सम्बन्ध**

माथि उल्लिखित गुणस्तर संकटले एउटा आत्मघाती दुष्चक्र सिर्जना गरेको छ जसबाट धेरैजसो सामुदायिक क्याम्पस उम्कन सकिरहेका छैनन्। कमजोर शिक्षणका कारण विद्यार्थी र अभिभावकको विश्वास घट्छ जसले भर्ना घटाउँछ। भर्ना घटेपछि शुल्कबाट आउने राजस्व खुम्चन्छ। राजस्व खुम्चिएपछि पुस्तकालय, प्रविधि र योग्य शिक्षक नियुक्तिमा लगानी गर्ने क्षमता झन् घट्छ र यसले गुणस्तरलाई अझ तल धकेल्छ। यो चक्र वर्षौंदेखि अनियन्त्रित गतिमा चलिरहेको छ। यो दुष्चक्र नतोडेसम्म कुनै एकल हस्तक्षेपले दिगो सुधार ल्याउन सकिँदैन।

तथ्याङ्कले यो दुष्चक्रलाई पुष्टि गर्छः कुल क्याम्पसमध्ये ५०५ वटा (३५.२७ प्रतिशत) मा हाल १०० वा त्योभन्दा कम विद्यार्थी मात्र छन्। अर्थात्, धेरै ग्रामीण सामुदायिक क्याम्पस 'लगभग खाली' अवस्थामा पुगिसकेका छन्। वार्षिक एक लाख बढी विद्यार्थीले विदेश अध्ययनका लागि 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिने गरेको तथ्याङ्कले पनि यही आन्तरिक अविश्वासतर्फ सङ्केत गर्छ। सन् २०२५ मा मात्र एक लाख २३ हजारभन्दा बढी एनओसी जारी भएका थिए।

**वित्तीय संकटको जड**

सामुदायिक क्याम्पसको आम्दानीको मुख्य स्रोत विद्यार्थी शुल्क नै हो। यूजीसीबाट वार्षिक नियमित अनुदान (सामान्यतः प्रतिक्याम्पस रू. ७ लाख ५० हजारदेखि १० लाख रुपैयाँ, ४०० बढी क्याम्पसलाई) प्राप्त हुन्छ। तर यो अनुदान आफैँमा न्यून छ। त्यसमाथि पनि यसको ठूलो हिस्सा विश्व बैङ्क जस्ता अन्तर्राष्ट्रिय ऋणदातासँग लिइएको ऋणबाट आउँछ, जुन प्रत्यक्ष गुणस्तर वा अनुसन्धानमा लगानी नभई मूलतः तलब अनुदानका रूपमा खर्च हुन्छ। यसबाहेक स्थानीय समुदाय वा स्थानीय सरकारबाट नियमित सञ्चालन खर्च सहयोग प्रायः नगण्य छ।

क्याम्पस सञ्चालन खर्चको ७०–८० प्रतिशत, कतिपय अवस्थामा ९० प्रतिशतसम्म, शिक्षक तथा कर्मचारी तलबमै खर्च हुन्छ। एक सामुदायिक क्याम्पसको मासिक शिक्षण तलब खर्च आकारअनुसार रु. २ लाखदेखि १० लाखसम्म पुग्छ। यो रकमलाई राष्ट्रियस्तरमा जोड्दा वार्षिक अर्बौं रुपैयाँ हुन्छ। प्रतिविद्यार्थी सरकारी सहयोग तुलना गर्दा सामुदायिक क्याम्पसका विद्यार्थीले आङ्गिक क्याम्पसका विद्यार्थीको तुलनामा ७७ गुणासम्म कम सरकारी सहयोग पाउने गरेको अध्ययनहरूले देखाएका छन्। यो अन्यायपूर्ण असमानता हो।

**नतिजा प्रवृत्ति र रोजगारी योग्यता**

गुणस्तर सङ्कटको प्रत्यक्ष प्रमाण परीक्षाको नतिजा र रोजगारी तथ्याङ्कमा देखिन्छ। नेपालका अधिकांश सामुदायिक क्याम्पस सम्बद्ध रहेको त्रिभुवन विश्वविद्यालयको समग्र उत्तीर्ण दर करिब ३०.१ प्रतिशत मात्र छ यो दर देशका प्रमुख विश्वविद्यालयहरूमध्ये सबैभन्दा कम हो।

विश्वविद्यालय अनुदान आयोग तथ्याङ्क तथा सामुदायिक क्याम्पस अध्ययनहरूका अनुसार मध्यपश्चिम विश्वविद्यालय (२३.५ प्रतिशत) र सुदूरपश्चिम विश्वविद्यालय (२०.६६ प्रतिशत) मा त झन् कम छ यो दर। जबकि, प्राविधिक/चिकित्सा शिक्षा दिने संस्थाहरूमा उत्तीर्ण दर ९०–१०० प्रतिशतसम्म छ। यसले सामान्य विषय पढाउने सामुदायिक क्याम्पस र प्राविधिक/पेसागत शिक्षा दिने संस्थाबीचको गुणस्तर खाडल छर्लङ्ग देखाउँछ।

स्नातकपछिको रोजगारीको अवस्था झन् चिन्ताजनक छ। विभिन्न क्याम्पसको ट्रेसर अध्ययन अनुसार सामुदायिक क्याम्पसका

–बाँकी तीन पेजमा

*सामुदायिक क्याम्पसमा...*

स्नातकको रोजगारी दर क्याम्पस र कार्यक्रमअनुसार १० देखि ७८ प्रतिशतसम्म फरक–फरक देखिन्छ। रोजगारी पाएकामध्ये पनि ७० प्रतिशतभन्दा बढी अस्थायी वा करार प्रकृतिको काममा सीमित छन्। र, अधिकांश शिक्षण–सहायक वा सेवा क्षेत्रका न्यून–सिपका काममा मात्र छन्।

उत्पादनमूलक, प्राविधिक वा उच्च–सिपका अधिकृत तहका पदमा सामुदायिक क्याम्पसका स्नातकको उपस्थिति न्यून छ। स्नातकहरूले पाठ्यक्रमको सान्दर्भिकतालाई औसत मात्र मूल्याङ्कन गरेका छन् र डिजिटल/आईटी सिप, व्यावहारिक तालिम र उद्योग–सम्पर्कमा स्पष्ट खाडल औंल्याएका छन्।

**सामुदायिक क्याम्पसको औचित्यमाथि प्रश्न**

नेपालका उच्च शिक्षामा भर्ना भएका कुलमध्ये एकतिहाइ विद्यार्थी सामुदायिक क्याम्पसमा अध्ययन गर्छन्। लगभग सबै सामुदायिक क्याम्पस सामान्य विषयहरू मात्र पढाउँछन्। २–४ वटाले मात्र विज्ञान जस्ता प्राविधिक विषय पढाउँछन्। तर विडम्बना, वाणिज्य, शिक्षा जस्ता विषयमा पनि सामुदायिक क्याम्पसको उतीर्ण दर अत्यन्त न्यून हुने गरेको विश्वविद्यालय अनुदान आयोग र त्रिभुवन विश्वविद्यालयका तथ्याङ्क र अन्य प्राज्ञिक अध्ययनहरूले देखाउँछन्।

नाफा नकमाउने, समुदायको लगानीमा स्थापना भएका, विदेशबाट ऋण लिएर विश्वविद्यालय अनुदान आयोगमार्फत राज्यले वार्षिक अर्बौंरुपियाँ अनुदान दिने सामुदायिक क्याम्पसबाट उत्पादन हुने स्नातक युवा एक प्रकारले 'निकम्मा' जस्तो बनेको देखाउँछन्, विभिन्न तथ्याङ्कले।

नेपालका सामुदायिक क्याम्पसहरूले एउटा अनौठो स्थिति सिर्जना गरेका छन्। २ लाख बढी विद्यार्थीले रुचाएर भर्ना हुने तर अहिलेको बजारले मागेअनुरूपका रोजगारी सजिलै पाइने सिप सिकाउने विषय न्यून पढाउने गरेका छन् हाम्रा सामुदायिक क्याम्पसहरूले।

अर्कोतिर, यस्ता क्याम्पसमा पढ्ने विद्यार्थीको उतीर्ण दरसमेत न्यून रहेकाले यी क्याम्पसको पढाइको स्तर कमजोर रहेको पुष्टि हुन्छ। यो समग्र सन्दर्भमा यस्तै अवस्था जारी रहने हो भने सामुदायिक क्याम्पसको औचित्य के भन्ने प्रश्न टड्कारो रूपमा उठ्छ। त्यसैले, सामुदायिक क्याम्पसको आर्थिक सङ्कट, कमजोर गुणस्तर जस्ता गम्भीर समस्याको समाधान राज्य र समुदायले जतिसक्दो चाँडो निकाल्नु अत्यावश्यक छ।

**विश्वविद्यालय तहमा विशेषज्ञ प्राध्यापक किन अनिवार्य छ?**

विश्वविद्यालय शिक्षालाई 'माथिल्लो विद्यालय शिक्षा' भनेर बुझ्नु गल्ती हो। यसका केही ठोस आधार छन् :

क. शिक्षण विधिमा भिन्नता: विश्वविद्यालय शिक्षा एन्ड्रागोजिक र अनुसन्धानमुखी हुन्छ भने विद्यालय शिक्षण पेडागोजिक र सामग्री–हस्तान्तरणमुखी हुन्छ। विद्यालयमा उपयुक्त घोकन्ते विधिले विश्वविद्यालयका विद्यार्थीलाई आधुनिक अर्थतन्त्रले माग गर्ने विश्लेषणात्मक र समस्या–समाधान गर्न सिकाउने सिपबाट वञ्चित गराउँछ।

ख. योग्यता तथा विशेषज्ञताको न्यूनतम सीमा: प्रभावकारी विश्वविद्यालय शिक्षण र थेसिस/अनुसन्धान सुपरीवेक्षणका लागि उच्च डिग्री, अनुसन्धान अनुभव र विषयगत निपुणता चाहिन्छ जुन विद्यालयस्तरका अधिकांश शिक्षकसँग हुँदैन।

ग. विद्यार्थी परिणाम र समानता: नेपालको उच्च शिक्षाका एकतिहाइ विद्यार्थी (मूल रूपमा ग्रामीण तथा महिला) आङ्गिक वा निजी क्याम्पसका सहपाठीको तुलनामा प्रणालीगत रूपमा कमजोर शिक्षण पाइरहेका छन्। यो गुणस्तरको मात्र होइन, समानताको पनि विफलता हो।

घ. राष्ट्रिय मानव पूँजी तथा विकास: आर्थिक विविधीकरण, सार्वजनिक सेवा क्षमता, नवप्रवर्तन बढाउन र विदेश पलायन घटाउनका लागि उच्च गुणस्तरको विश्वविद्यालय शिक्षण पूर्वसर्त हो। कम योग्य शिक्षकमा निरन्तर भर पर्दा न्यून उत्तीर्ण दर, कमजोर रोजगारी योग्यता र दीर्घकालीन उत्पादकत्व जस्ता कमजोरी जारी रहने छ।

ङ. प्रणालीगत दक्षता: नजिकका क्याम्पसहरूले उही आधारभूत विषयका लागि फरकफरक विद्यालय शिक्षक राख्नु आफैँमा महँगो र न्यून–प्रतिफल दिने अभ्यास हो भन्ने प्रमाणित भइसकेको छ। केन्द्रीकृत वा साझा विशेषज्ञ प्राध्यापकद्वारा दिइने शिक्षणले गुणस्तर बढाउने र लागत ९०–९५ प्रतिशतसम्म घटाउन सक्छ।

**समाधान : यूजीसी–समन्वित साझा भर्चुअल शिक्षण मोडेल**

कतिपय विकासशील देशमा गुणस्तर र वित्तीय दिगोपन जस्ता गम्भीर समस्यालाई एकैसाथ सम्बोधन गर्ने एउटा व्यावहारिक मोडेल प्रचलित छ। यसको मूल अवधारण सरल छ– सामुदायिक क्याम्पसहरूलाई विश्वविद्यालय सम्बद्धता, सङ्काय, कार्यक्रम, विषय, वर्ष/सेमेस्टर र सत्र (बिहान/दिन/साँझ) अनुसार समूहबद्ध गर्ने र त्यसपछि एउटै उच्च योग्य विशेषज्ञ प्राध्यापक (पीएचडी वा प्रमाणित उत्कृष्ट शिक्षण अनुभव भएका) ले जुम, गुगल मिट वा माइक्रोसफ्ट टिम्स जस्ता प्लेटफर्म प्रयोग गरी सयौं क्याम्पसका हजारौं विद्यार्थीलाई एकैसाथ प्रत्यक्ष भर्चुअल कक्षामा पढाउने।

यो मोडेल पूर्णतः अनलाइन हुँदैन, सैद्धान्तिक व्याख्यान भर्चुअल माध्यमबाट विशेषज्ञले दिन्छन् भने स्थानीय क्याम्पसले प्रयोगात्मक कक्षा, ट्युटोरियल, समूहगत छलफल, मूल्याङ्कन र विद्यार्थी परामर्शको जिम्मेवारी लिन्छ। यो मोडेल यूजीसीले पहिल्यै अघि सारेको कोभिडपछिको भर्चुअल तथा मिश्रित सिकाइ दिशानिर्देशसँग पूर्णतः तादात्म्य राख्छ। यूजीसीले सामुदायिक परिवेशमा कम्तीमा २५–३० प्रतिशत भर्चुअल कक्षालाई प्रोत्साहन गर्दै आएको छ।

**निष्कर्ष र सुझाव**

नेपालका सामुदायिक क्याम्पसले भोगिरहेको सङ्कट एउटा मात्र समस्या होइन। यो गुणस्तर, भर्ना र वित्तीय दिगोपनको आपसमा गाँसिएको जटिल दुष्चक्र हो जसको केन्द्रमा प्लस टु स्तरका विद्यालय शिक्षकद्वारा स्नातक र स्नातकोत्तर तह पढाइनुपर्ने बाध्यता पनि छ। यसले नेपालको उच्च शिक्षाका एकतिहाइ विद्यार्थीको भविष्य र देशको दीर्घकालीन मानव पूँजीलाई नकारात्मक असर पारिरहेको छ।

यूजीसी–समन्वित साझा भर्चुअल शिक्षण मोडेल जस्ता नवीन दृष्टिकोणले एकैसाथ लागत ९०–९५ प्रतिशतसम्म घटाउँदै विशेषज्ञ प्राध्यापकको पहुँच विस्तार गरी गुणस्तर उकास्ने सम्भावना बढाउँछ। तर यसको सफलता राजनीतिक इच्छाशक्ति, चरणबद्ध कार्यान्वयन र सबै सरोकारवालाको साझेदारीमा भर पर्छ। (अनलाईनखबरबाट)

*लहानमा थारु ...*

नाच, सखिया आदि प्रदर्शन गरी नयाँ पुस्तालाई आफ्नो मौलिक भाषा, भेषभूषाको विषयमा परिचित गर्ने योजना रहेको आयोजकले बताए।

मेलामा थारु परिकारहरु बगिया, घोंघी, सितुवा, कोकरा, तेलपुरि, भका, पेरवा, सि आदिका स्टलहरु रहने आयोजले जनाएको छ।

*चाडपर्वको मुखमा...*

वर्षदेखि लहान नगरपालिका, धनगढीमाई नगरपालिका र कल्याणपुर नगरपालिकामा पटक–पटक म्याद थप्ने विषयले समस्या उत्पन्न हुँदै आएको उहाँले बताउनुभयो।

"शिक्षा ऐनमा पेशागत निरन्तरता र सामाजिक सुरक्षाको माग उठाइरहेका बेला यसरी तनाव दिइरहने हो भने आन्दोलन गर्नुको अर्को विकल्प हुँदैन," अध्यक्ष यादवले भन्नुभयो। राहत शिक्षक अस्थायी करारमा नरहेको भन्दै म्याद थप्ने विषय उचित नभएको नेपाल राहत शिक्षक समितिका केन्द्रीय सदस्य शिवशंकर काम्तओले बताउनुभयो। "नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीमा रिक्त रहेको शिक्षक पदमा अस्थायी पदपूर्ति गर्दा मात्रै छ–छ महिनामा म्याद थप्ने व्यवस्था हुन्छ। राहत शिक्षकका लागि शिक्षा ऐनमा यस्तो प्रावधान छैन," उहाँले भन्नुभयो।

धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहन निरौलाले करार तथा अस्थायी प्रकृतिका कर्मचारी र शिक्षकको म्याद थप गर्नुपर्ने निर्देशन महालेखा परीक्षकको कार्यालय तथा सम्बन्धित निकायबाट आएको बताउनुभयो। सोहीअनुसार आवश्यक कागजातसहित म्याद थपका लागि प्रत्येक विद्यालयलाई विद्यालय व्यवस्थापन समितिमार्फत पत्र पठाइएको उहाँले जानकारी दिनुभयो।

शिक्षा ऐन आएपछि राहत शिक्षक, बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको समस्या समाधान हुने भएकाले विगतमा राहत शिक्षक, बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको म्याद थप नगरिएको लहान नगरपालिका–१९ स्थित श्री जनता माध्यमिक विद्यालय सोनमती गढाका प्रधानाध्यापक अरविन्द दासले बताउनुभयो।

देशभर करिब ४३ हजार, मधेश प्रदेशमा तीन हजार र सिरहामा चार सयभन्दा बढी राहत शिक्षक कार्यरत रहेको उहाँले बताउनुभयो। शिक्षा ऐनमार्फत समस्या समाधान हुने अवस्थामा चाडपर्वको मुखमा म्याद थपको विषय उठाउनु व्यवहारिक नभएको अर्का प्रधानाध्यापक रामु यादवले बताउनुभयो।

*दोस्रो वडा अध्यक्ष ...*

अयोजकले जनाएको छ। असोज १६ गतेबाट संचालित तेस्रो २ नम्बर वडा अध्यक्ष अन्तर प्रदेश आमन्त्रित कराँते प्रतियोगिता मधेशसहित कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका १७ टिमका खेलाडी सहभागी रहेको आयोजकका कसम लामाले जानकारी दिए।

प्रतियोगितामा ६३ स्वर्ण पदक, ६३ रजत पदक तथा १०६ कास्य पदकका लागि ५ सयजना खेलाडीले प्रतिस्पर्धा गरेका थिए। त्यस्तै प्रतियोगिताका उदयमान खेलाडीको पुरस्कार आयोजकका स्मारिका मगर र बिशाल तामाङले जित्न सफल भयो। उदयमान खेलाडीहरुले माउन्टेन साइकल एक–एक थान प्राप्त गर्यो। प्रतियोगिताको उत्कृष्ट महिला खेलाडीको पुरस्कार आयोजकको रविना परियार र उत्कृष्ट पुरुष खेलाडीको पुरस्कार प्रगति डोजो कटारीका सागर तामाङ जित्यो। उनीहरुले जनही नगद ७ हजार ५०० प्राय गरे।

गोलबजार २ नम्बर वडा कार्यालय गुरुधामको परिसर सम्पन्न प्रतियोगिताको मुख्य सहायक प्रायोजन माउन्ट एभरेष्ट इन्टरनेशनल कलेज गोलबजार ४ सिरहाले सहयोग गरेका थिए। स्थानीय प्रतिभाहरुलाई स्थापित गर्ने उद्देश्यले आयोजना भएको प्रतियोगिताको पुरस्कार वितरण समारोह जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेश महतोको प्रमुख आथित्यमा समपन भयो।

असोज १७ गते भएको उद्राटन समारोहमा मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंह प्रमुख आतिथीको रुपमा सहभागी भएका थिए, भने गोलबजार नगरपालिकाका नगर प्रमुख श्याम कुमार श्रेष्ठको बिशेष उपस्थितिमा उपस्थित भएका थिए।

# दस वर्षअघि सप्तरीबाट हराएका बालक नयाँ दिल्लीमा फेला



सप्तरी, १९ असोज। सप्तरीको अग्नीसाइर कृष्णसवरण गाउँपालिका–६ बाट १० वर्षअघि हराएका एक बालकलाई प्रहरीले खोजी गरी आइतबार अभिभावकको जिम्मा लगाएको छ। गाउँपालिका–६ निवासी ऋषिदेव सदाका छोरा १६ वर्षीय शिवकुमार सदालाई प्रहरीले खोजी गरी परिवारजनको जिम्मा लगाएको हो। उहाँ १० वर्षअघि आफ्नै घरबाट हराई सम्पर्कविहीन रहनुभएको थियो।

त्यतिबेला करिब छ वर्षका रहेका शिवकुमारको खोजतलासका क्रममा भारतको नयाँ दिल्लीमा रहेको जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले त्यहाँस्थित 'किङ इन्डिया' संस्थासँग आवश्यक समन्वय गरी उहाँको उद्धार गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रहरीसँगको समन्वयमा उक्त संस्थाले खोजतलास गर्दा शिवकुमारलाई नयाँ दिल्लीमा फेला पारेको थियो। संस्थाका निर्देशक नवीन जोशीले जिल्ला प्रहरी कार्यालय सप्तरीका निमित्त कार्यालय प्रमुखसमेत रहनुभएका प्रहरी नायब उपरीक्षक घिमिरेसँग समन्वय गरी शिवकुमारलाई नेपाल ल्याएर प्रहरी कार्यालयमा बुझाउनुभएको हो।

प्रहरी कार्यालयमा बुझाइएका शिवकुमारलाई आइतबार साँझ करिब ८ बजे अग्नीसाइर कृष्णसवरण गाउँपालिका–६ का जनप्रतिनिधिको रोहवरमा अभिभावकको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

# प्रप्रअलाई हाजिर नगराएपछि पालिकाको आर्थिक तथा प्रशासनिक अधिकार रद्द

महोत्तरी, १९ असोज। सरुवा भएर नयाँ जिम्मेवारीमा जानुपर्ने कर्मचारी पालिकामै बसेपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पिपरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरेको छ।

मन्त्रालयका अनुसार पिपरा गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई यसअघि नै अन्यत्र सरुवा गरिएको थियो। तर, सरुवा भएको निकायमा हाजिर नगरी उनी गाउँपालिकामै कार्यरत रहँदै आएका थिए। यसैबिच नयाँ खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई समेत गाउँपालिकाले हाजिर गराएको थिएन। सरुवा भएर पनि साविककै कार्यालयमा कार्यरत रहेको तथा नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराएको विषयमा मन्त्रालयले उनको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरेको हो।

मन्त्रालयले पिपरा गाउँपालिकालाई नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएका कर्मचारीलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारीसहित तत्काल कामकाजमा लगाउन निर्देशन दिएको छ।

त्यस्तै, सरुवा भएका शाखा अधिकृतलाई समेत तत्काल सरुवा भएको निकायमा हाजिर हुन मन्त्रालयले निर्देशन दिएको छ। उनको आर्थिक जिम्मेवारी रद्द गरिएको जानकारी कोष तथा लेखा नियन्त्रक कार्यालयलाई गराउँदै गाउँपालिकाको खाता सञ्चालनको आवश्यक व्यवस्था मिलाउनसमेत मन्त्रालयले निर्देशन दिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मधेसमा भ्रष्टाचार : १० हजार बढी उजुरी दर्ता, आधाभन्दा बढी स्थानीय तहका



जनकपुरधाम, १९ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका उजुरीमध्ये मधेस प्रदेशसँग सम्बन्धित उजुरीको संख्या १० हजार ७ सय ४६ पुगेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले सोमबार मधेस प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णसक्षम प्रस्तुत गरेको ३६ औँ वार्षिक प्रतिवेदनअनुसार देशभर दर्ता भएका कुल ४० हजार ८ सय ४२ उजुरीमध्ये मधेसमा मात्रै २६.३१ प्रतिशत उजुरी परेको हो।

प्रदेशगत रूपमा बागमतीपछि सबैभन्दा बढी मधेसमा उजुरी परेको छ। मधेसमा प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित उजुरीको संख्या अन्य प्रदेशको तुलनामा निकै बढी देखिएको प्रतिवेदनले औंल्याएको छ। मधेसमा दर्ता भएका १० हजार ७ सय ४६ उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित मात्रै ७ हजार ३ सय ७० (६८.५८) प्रतिशत छन्। प्रदेश सरकारसँग सम्बन्धित १ हजार ४ सय ७५ (१३.७२) प्रतिशत र संघीय सरकारसँग सम्बन्धित १ हजार ९ सय१ (१७.६९) प्रतिशत उजुरी दर्ता भएका छन्।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख कर्णले उजुरीको चाप धेरै देखिएकाले यसको निरुपणतर्फ आयोगले थप अग्रसर भएर काम गर्नुपर्नेमा जोड दिए। प्रतिवेदनमा जिल्लागत तथ्यांकले पनि मधेसमा भ्रष्टाचारसम्बन्धी उजुरीको चाप उच्च रहेको देखाएको छ। देशभर सबैभन्दा बढी उजुरी पर्ने जिल्लामा काठमाडौं पहिलो स्थानमा रहेको देखाएको छ भने मधेसको धनुषा २ हजार १ सय १ उजुरीसहित दोस्रो स्थानमा छ।

देशभर धेरै उजुरी पर्ने प्रमुख १० जिल्लामध्ये कास्कीबाहेक अधिकांश जिल्ला मधेस प्रदेशका छन्। प्रतिवेदनमा पर्सामा १ हजार ४ सय ४, महोत्तरीमा १ हजार ३ सय ९३, बारामा १ हजार ३ सय १८, सप्तरीमा १ हजार २ सय ३, सिरहामा १ हजार १ सय ७६ र रौतहटमा १ हजार १ सय ४९ उजुरी दर्ता भएका छन्। मधेसमा परेका उजुरीमध्ये अधिकांश स्थानीय तहको बढी रहेको देखिन्छ। देशभरका स्थानीय तहसँग सम्बन्धित उजुरीमध्ये मधेस प्रदेशमा मात्रै ७ हजार ३ सय ७० ( ३६.८०) प्रतिशत उजुरी परेको आयोगको प्रतिवेदनमा उल्लेख छ।

आयोगले धेरै उजुरी परेका क्षेत्र, निकाय र पालिकामा सेवा प्रवाह, सार्वजनिक खरिद, पूर्वाधार निर्माण तथा प्रशासनिक कार्यको जोखिम पहिचान गरी लक्षित अनुगमन, छानबिन र सुधारात्मक कार्य गर्नुपर्ने आवश्यकता औँल्याएको छ। त्यस्तै स्थानीय तहपछि प्रदेश सरकारसँग सम्बन्धित उजुरीको तथ्यांकमा पनि मधेस अग्रणी स्थानमा देखिएको छ। देशभर प्रदेश सरकारसँग सम्बन्धित ५ हजार ३ सय ५ उजुरीमध्ये मधेस प्रदेशसँग मात्रै १ हजार ४ सय ७५ ( २७.८०) प्रतिशत उजुरी रहेको प्रतिवेदनले जनाएको छ।

मधेसका सर्लाही, महोत्तरी, धनुषा र सिरहा गरी चार जिल्लासहित नौ जिल्लाको जिम्मेवारी अख्तियारको बर्दिबास कार्यालयले हेर्दै आएको छ भने बागमतीका दुई र कोशीका तीन जिल्ला हेर्दै आएको छ। बर्दिबास कार्यालयका सूचना अधिकार प्रकास पोखरेलले आर्थिक वर्ष २०८२/८३ मा कार्यालयमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका तथा सो अवधिमा दर्ता भएका गरी जम्मा ३ हजार ८ सय ३६ उजुरी रहेकोमा तीमध्ये २ हजार ५ सय ८ ( ६५.३८) प्रतिशत उजुरी फछ्र्योट भएको बताए।

उनका अनुसार बाँकी १ हजार ३ सय २८ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन्। आयोग मातहतका आठ कार्यालयमध्ये बर्दिबासमा सबैभन्दा बढी ९.३९ प्रतिशत उजुरी दर्ता भएको उनको भनाइ छ। बर्दिबास कार्यालयमा दर्ता भएका उजुरी तथा छानबिनका क्रममा सार्वजनिक अधिकारको दुरुपयोग, सरकारी कोष तथा सार्वजनिक सम्पत्तिको हिनामिना, हानि–नोक्सानी तथा दुरुपयोग, प्रचलित कानुन र प्रक्रिया पूरा नगरी पदको दुरुपयोग गर्ने तथा विकास निर्माणको परिमाण र गुणस्तरमा कैफियत गर्ने जस्ता भ्रष्टाचारजन्य गतिविधि बढि देखिएको आयोगले जनाएको छ।

कार्यालयमा परेको उजुरीमध्ये शिक्षा क्षेत्रसँग सम्बन्धित १४.६७ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ७.०८ प्रतिशत र अन्य विविध विषयसँग सम्बन्धित उजुरी १०.४६ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनले मधेस प्रदेशमा उच्च संख्यामा उजुरी परेका क्षेत्र, निकाय र पालिकामा सेवा प्रवाह, सार्वजनिक खरिद, पूर्वाधार तथा प्रशासनिक कार्यको जोखिम पहिचान गरी लक्षित अनुगमन, छानबिन र सुधारात्मक कार्य गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

प्रतिवेदनमा भनिएको छ, 'भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन आयोगको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकाले आयोगले संघ, प्रदेश र स्थानीय तहका सरकारी निकाय, निजी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज तथा आम नागरिकबीच सहयोग, समन्वय र सहकार्यको आवश्यकता रहेको छ।' आर्थिक वर्ष २०८२/८३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुख्यालय र सबै कार्यालयमा विभिन्न माध्यमबाट ३३ हजार ५ सय १० नयाँ उजुरी दर्ता भएका थिए। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७ हजार ३ सय २३ उजुरीसमेत गरी कुल ४० हजार ८ सय ४२ उजुरी कायम भएका थिए। तीमध्ये ३२ हजार ८ सय २३ अर्थात् ८०.३७ प्रतिशत उजुरी प्रारम्भिक छानबिनबाट फछ्र्योट भएका छन् भने ८ हजार १९ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन्।

तहगत रूपमा स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै २० हजार २५ (४९.०३) प्रतिशत छन्। संघसँग सम्बन्धित १५ हजार ५ सय १२ (३७.९८) प्रतिशत र प्रदेशसँग सम्बन्धित ५ हजार ३ सय ५ ( १२.९९) प्रतिशत उजुरी दर्ता भएका छन्। आयोगले विस्तृत अनुसन्धान सम्पन्न गरी निर्णय गरेका ७ सय ८७ उजुरीमध्ये १ सय ७५ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको प्रतिवेदनमा उल्लेख छ। दायर भएका मुद्दामध्ये संघसँग सम्बन्धित ६८, प्रदेशसँग सम्बन्धित ३० र स्थानीय तहसँग सम्बन्धित ७७ वटा छन्। प्रदेशगत रूपमा सबैभन्दा धेरै मुद्दा बागमती प्रदेशसँग सम्बन्धित ४४ वटा दायर भएका छन् भने मधेस प्रदेशसँग सम्बन्धित ४० वटा मुद्दा दायर भएका छन्।

आयोगमा परेका उजुरीमध्ये सबैभन्दा ठूलो हिस्सा संघीय मामिला तथा स्थानीय तहसमेतको भूमि प्रशासनसँग सम्बन्धित रहेको छ। यस्तो उजुरी ६.७७ प्रतिशत छन्। गृह प्रशासनसँग सम्बन्धित ४.५ प्रतिशत, वन तथा वातावरणका ४.०७ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातका ३.६७ प्रतिशत, स्वास्थ्यका ३.६४ प्रतिशत, नक्कली शैक्षिक प्रमाणपत्रका ३.३९ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइका २.५० प्रतिशत, अर्थसँग सम्बन्धित २.२४ प्रतिशत तथा संस्कृति, पर्यटन तथा नागरिक उ यनसँग सम्बन्धित १.५७ प्रतिशत उजुरी परेको प्रतिवेदनमा उल्लेख छ।

# मोटरसाइकल दुर्घटनामा परेका चालकको साथबाट पेस्तोल बरामद

सर्लाही, १९ असोज। सर्लाहीको कविलासी नगरपालिका–३, मदनपुरबाट पेस्तोलसहित एक युवक पक्राउ परेका छन्। पक्राउ पर्नेमा मदनपुरकै ३३ वर्षीय तुलसी ठाकुर रहेका जिल्ला प्रहरी कार्यालय मलङ्गवा सर्लाहीले जनाएको छ। ठाकुरलाई एक थान सिक्सर पेस्तोलसहित प्रहरीले नियन्त्रणमा लिएको हो।

मोटरसाइकल दुर्घटना भएको सूचना पाएपछि घटनास्थलमा प्रहरी टोली पुग्दा मोटरसाइकल चालक ठाकुरको साथबाट हतियार बरामद भएको सर्लाही प्रहरीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

ठाकुर सोमबार बिहानपख बीआर ३० वाइ २८५३ नम्बरको मोटरसाइकल चढेर प्रदेश राजधानी जनकपुरबाट मदनपुरस्थित घरतर्फ आउँदै गर्दा दुर्घटनामा परेका प्रहरीले जनाएको छ। मोटरसाइकल दुर्घटना हुँदा ठाकुरको दाहिने गाला र बायाँ हातमा सामान्य चोट लागेको डिएसपी गौतमले बताउनुभयो। प्राथमिक उपचारपछि उनलाई जिल्ला प्रहरी कार्यालय मलङ्गवाको हिरासतमा राखी अनुसन्धान भइरहेको डीएसपी गौतमले जानकारी दिनुभयो। ठाकुरले कुनै आपराधिक घटना घटाउने उद्देश्यले पेस्तोल बोकेर हिँडेको हुनसक्ने आशङ्का गरिएको छ।

# अधिग्रहण गरिएको जग्गाको मुआब्जा दिनुपर्ने माग

पर्सा, १९ असोज। स्थानीयले जग्गाको मुआब्जा दिन सरकारसँग माग गरेका छन्। सिर्सियास्थित वीरगञ्ज सुक्खा बन्दरगाह ( ड्राइपोर्ट) का लागि अधिग्रहण गरिएको जग्गा तथा भौतिक संरचनाको मुआब्जा उपलब्ध गराउन माग गरिएको हो। सरकारका सम्बन्धित निकायसँग पटक–पटक छलफल, वार्ता तथा सम्झौता भए पनि कार्यान्वयन नभएको भन्दै स्थानीयले मुआब्जाको माग गर्दै ड्राइपोर्टको मुख्य ढोकामै धर्ना दिएका छन्।

मुआब्जा माग गर्दै गठित अनिश्चितकालीन धर्ना संघर्ष समितिका अध्यक्ष अशोककुमार चौधरीले विगत १२ वर्षदेखि मुआब्जा उपलब्ध गराउने आश्वासन दिएको भन्दै आफ्ना माग पूरा नभएसम्म आजबाट अनिश्चितकालीन धर्ना सुरु गर्न बाध्य भएको बताए। पीडितहरूले आजदेखि ड्राइपोर्टको मुख्य ढोकामै धर्ना सुरु गरेपछि ट्रक, कन्टेनरलगायत मालबाहक सवारीसाधनको आवागमनमा समस्या भएको छ। धर्नाका कारण ड्राइपोर्टको नियमित सञ्चालनसँगै आयात–निर्यातका लागि हुने ढुवानी सेवा प्रभावित भएको छ।

# हेटौँडा–ढल्केबर चार सय केभी प्रसारण लाइन दुई सातामा चार्ज हुँदै

काठमाडौँ, १९ असोज। स्थानीयको अवरोध, न्याय निरूपणमा भएको ढिलाइ, वनक्षेत्र प्रयोगको अनुमति प्राप्तिलगायतका कारण १२ वर्षसम्म निर्माणाधीनकै हैसियतमा अल्झिएको हेटौँडा–ढल्केबर चार सय केभी प्रसारण लाइन अब भने निर्माण सम्पन्नको अवस्थामा पुग्ने देखिएको छ।

पछिल्लो पटक ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रयास, स्थानीयसँगको सहमति र वनक्षेत्र उपयोगमा मन्त्रीपरिषद्को निर्णय जस्ता प्रक्रियाले सार्थक स्वरूप पाउँदा पूर्वपश्चिम विद्युत् प्रवाहको महामार्ग यो प्रसारण लाइन एक महिनाभित्र निर्माण सम्पन्न हुने मन्त्रालयले जनाएको छ।

आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसहितको टोली मुख्य अवरोध रहेको क्षेत्र ढल्केबर सबस्टेसन र हेटौँडाको थान भ्याङमा निर्माणाधीन दुई मल्टिसर्किट टावर निर्माणको अवलोकन गर्न निर्माणस्थल पुगेको थियो। निरीक्षणपछि मन्त्री श्रेष्ठले यो आयोजना दसैँलगत्तै सम्पन्न हुने अवस्था पुगेको जानकारी गराउनुभयो।

हेटौँडा उपमहानगरपालिका–१५, १६ तथा १७ स्थित हटिया क्षेत्रमा १४ वटा, हेटौँडा–११ स्थित थानाभ्याङमा दुई वटा टावर निर्माणमा अवरोध रहँदै आएको थियो। थानाभ्याङबाट हेटौँडा सबस्टेसनमा लाइन छिराउन दुई वटा मल्टी सर्किट टावर निर्माण गर्नुपर्ने थियो। यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुने अवस्था थियो। यहाँका बसोबासीलाई क्षतिपूर्तिको व्यवस्था गरिएपछि त्यहाँ टावर निर्माण सम्भव भएको हो।

त्यस्तै हटियाक्षेत्रमा राइटअफ वे परिवर्तन गर्नसमेत स्थानीयले माग गरेका थिए। सामुदायिक वनक्षेत्र प्रयोगमा पनि ठुलो समस्या रहँदै आएको थियो। वनक्षेत्र प्रयोग र रुख कटानका लागि समयमा स्वीकृति पाउन नसक्दा काम अवरुद्ध हुँदै आएको थियो तर गत असार २४ गतेको मन्त्रीपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणलाई मकवानपुरको हेटौँडा–१५ स्थित रातोमाटे सामुदायिक वन उपभोक्ता समूह तथा बकैया–२ स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समूह अन्तर्गतको राष्ट्रिय वनको २.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको थियो।

साथै उक्त क्षेत्रमा रहेका विभिन्न प्रजातिका एक हजार २९२ वटा रुख हटाउन पनि स्वीकृति प्रदान गरेको थियो। यी अवरोध हटेसँगै प्राधिकरणले निर्माणलाई तदारुकता दिएको हो। अनुगमनमा पुगेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले १२ वर्षदेखि अड्किएको हेटौँडा ढल्केबर प्रसारण लाइनको काम अब निर्माण सम्पन्न हुने अवस्थामा पुगेको बताउनुभयो। "अब पूर्वपश्चिम विद्युत् प्रवाहको यो मेरुदण्ड तयार हुने अवस्थामा पुगेको छ," उहाँले भन्नुभयो, "हेटौँडा–ढल्केबर प्रसारण लाइनका १६ वटा टावरमध्ये १४ वटा डबल सर्किटको टावर निर्माण भइसकेको छ। दुइटा मल्टिसर्किट टावर निर्माण अन्तिम चरणमा छ। करिब १५ दिनमा तयार गरी चार्ज गर्ने योजना छ।"

मन्त्री श्रेष्ठले राज्यको अर्बौं रुपियाँ खर्च भएको तर परिणाम निस्कन नसकेको काम अब सफल भएको बताउनुभयो। "अब बुटवलको बिजुली इनरुवा, इनरुवाको बिजुली बुटवलसम्म जाने ठुलो मार्ग तयार भएको छ," उहाँले भन्नुभयो, "गुणस्तरीय र दिगो विद्युत् प्रवाहदेखि अन्तरदेशीय विद्युत् व्यापार प्रवर्धनका लागि समेत यो प्रसारण लाइनले ठुलो सफलता दिलाउने छ।" प्रसारण लाइन सम्पन्न हुन नसक्दा हेटौँडा ढल्केबर विद्युत् प्रवाह अधिकतम तीन सय मेगावाटमा सीमित थियो तर यो प्रसारण लाइनबाट दुई हजार मेगावाट विद्युत् प्रवाह हुने छ।

करिब तीन सय किलोमिटर लामो हेटौँडा–ढल्केबर–इनरुवा चार सय केभी प्रसारण लाइनमध्ये पूर्वी खण्ड ढल्केबर–इनरुवा १५४ किलोमिटर प्रसारण लाइन दुई वर्षपहिले नै निर्माण सम्पन्न भएर उपयोगमा आइसकेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)